बैठक संख्या ७८ मिति २०७८।०७।१०

आज मिति २०७८।०७।१० गतेका दिन दिउसो ४.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
| --- | --- |
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३ श्री नरहरि सापकोटा | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादुर आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री गोविन्द प्रसाद पौडेल, अधिकृत

श्री दुर्गा बहादुर राना

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

# देवघाट गाउँपालिका

**वैठक संख्या ७८** **मितिः २०७८/०७/१०**

**प्रस्तावहरुः**

१. जरिवाना सम्बन्धमा ।
२. आन्तरिक आयको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरुः**

१. देवघाट गाउँपालिका वडा नं. १ चापखोला घाटको आ.व. २०७७/०७८ मा उत्खनन् गरी राखेको वालुवा देवघाट गाउँपालिकाको स्वीकृति वेगर स्टक प्रमाणित नगराई गाडी नं. ना ८ ख ३७४२, ना ८ ख ६०३३ , ना ८ ख ६००७ का ३ वटा ट्रिपरले लोड गरी ओसार पसार गरिराखेको अवस्थामा इलाका प्रहरी कार्यालयबाट खटिएको गस्ती टोलीले नियम विपरित नदिजन्य पदार्थ ओसार पसार गरेको अवस्थामा नियन्त्रणमा लिई कारवाहीका लागि इलाका प्रहरी कार्यालय देवघाटको च.नं. ६०, मिति २०७८/०७/१० गते पत्रबाट लेखी आएकोले सो सम्बन्धमा छलफल गर्दा वडा नं. १ चाँपखोला घाटको ठेक्का नं. १४-२०७७/०७८ को सम्झौता गरेको श्री गैंडाकोट बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.को तर्फबाट प्रोपाइटर श्री धर्मेन्द्र गुरुङ्गले सम्झौता गरेको घाटको नजिक निजी जग्गामा सम्झौता गरी जम्मा गरेको नदिजन्य पदार्थ वडा नं. ५ अन्तर्गत कालिमाटी स्थित भर्जन खोलाको छेउमा भण्डारण गर्न ३ वटा ट्रिपरमा लोड गरी ल्याँउदा नियन्त्रणमा लिइएको हुँदा छुटाईदिन भनी मिति २०७८/०७/१० गते निवेदन पेश भएको अवस्थामा देवघाट गाउँपालिका क्षेत्रका नदी किनारा तथा घाटहरुबाट प्राकृतिक नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा मेशनरी उपकरण प्रयोग, अनुगमन तथा नियमन सम्बन्धि कार्यविधि, २०७७ को अनुसुची ४ को दण्डजरिवाना सम्बन्धी व्यवस्था अन्तर्गत बुँदा नं.१० को 'अन्य कसुर अन्तर्गत' अनुसार नदीजन्य सामाग्री जफत गरी सम्बन्धित ठाउँमा राखी बुँदा नं. १० अनुसार अन्य कसुर अन्तर्गत प्रति ट्रिपर रु. १०,०००/– (दश हजार) का दरले उक्त ३ वटा ट्रिपरको जम्मा रु. ३०,०००/– (तिस हजार) जरिवाना स्वरुप आम्दानी दाखिला गरी गाडी छोडिदिने इलाका प्रहरी कार्यालय देवघाटलाई पत्रबाट अनुरोध गरी लेखी पठाउने निर्णय गरियो ।
२. देवघाट गाउँपालिका अन्तर्गतका क्षेत्रहरुमा उत्पादन हुने स्थानीय उत्पादन सुन्तला तथा अमिलो जातका फलफूलहरुको आफ्नो क्षेत्र बाहिर लैजादा शुल्क उठाउने कार्यका लागि ठेक्का व्यवस्थापन गर्ने सम्बन्धमा गाउँपालिकाको आफ्नो क्षेत्रभित्र उत्पादन हुने सुन्तला तथा अमिलो जातका फलफूल आफ्नो क्षेत्र बाहिर लैजादा शुल्क उठाउने कार्यका लागि आ.व. २०७८/०७९ का लागि डाक बढाबढबाट बन्दोबस्त गर्नुपर्ने भएकोले ७ (सात) दिनको सूचना प्रकाशित गरी ठेक्का बन्दोबस्तको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

नरहरि ...कोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष